कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
फोनः ०१०-५४२०१६/९८५११८५०९६
Email: info@kalikamunrasuwa.gov.np
Website: kalikamunrasuwa.gov.np

प.सं. : २०८३/८४
च.नं. :

मितिः२०८३/०४/२८

## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना !

कालिका गाउँपालिकाको योजना तर्जुमा तथा कार्यान्वयन लगायत विकास निर्माणमा सुधार तथा गाउँपालिका र अन्तर्गतका कार्यालय तथा विषयगत शाखा तथा ईकाइहरुबाट प्रवाह हुने सार्वजनिक सेवालाई पारदर्शी, गुणस्तरीय, जवाफदेही, प्रविधिमैत्री र प्रभावकारी बनाउँदै सुशासन कायम गर्न सार्वजनिक सेवा प्रति सेवाग्राही तथा सरोकारवालाहरुको पृष्ठपोषण/सुझाव लिने उद्देश्यका साथ तपसिलको मिति, समय र स्थानमा कालिका गाउँपालिकाको आयोजना र रेडियो लाङटाङ ९०.३ मेगाहर्जको सहजीकरणमा संचालन हुने **"सार्वजनिक सुनुवाई कार्यक्रम"** मा ५ वटै वडाका वडा अध्यक्षहरु, गाउँ कार्यपालिका सदस्यहरु, गाउँ सभा सदस्यहरु, स्थानीय सरोकारवाला तथा सेवाग्राहीहरु, क्रियाशिल राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, सामाजिक संघ संस्था/यूवा क्लव/बाल क्लव/गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, विकास निर्माण सँग सम्बन्धित उपभोक्ता समितिका प्रमुख तथा प्रतिनिधिहरु, सामुदायिक विद्यालयहरुका व्यवस्थापन समितिका अध्यक्षहरु, प्रधानाध्यापकहरु, शिक्षक/शिक्षिकाहरु, पूर्व जनप्रतिनिधीहरु, स्थानीय नगरिक समाजका प्रमुख तथा प्रतिनिधि, स्थानीय समाजसेवी/बुद्धिजिवीहरु, संचारकर्मी तथा पत्रकार, अभियान्ता एवं सम्पूर्ण गाउँपालिकावासीहरुको गरिमामय उपस्थिति तथा सक्रिय सहभागिता सहित सल्लाह सुझाव/पृष्ठपोषणको लागि हार्दिक अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई कार्यक्रम हुने**

मिति : २०८३/०५/१० गते बुधवार
समय : बिहान ११: ०० बजे
स्थान : कालिका गाउँपालिका वडा नं. १, राम्चे, रसुवा ।

**नोटः** विशेष कारणवस कार्यक्रममा भौतिक उपस्थिति जनाउन नसक्ने महानुभावहरुले आफ्नो परिचयात्मक विवरण संलग्न गरी गाउँपालिकाको ईमेल ठेगाना info@kalikamunrasuwa.gov.np मार्फत पनि आफ्नो सल्लाह/सुझाव/गुनासो/पृष्ठपोषण मिति २०८३/०५/०९ गते कार्यालय समयभित्र पठाउन सकिने बेहोरा समेत जानकारी गराईन्छ ।

............................
**धर्मराज न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः-**
श्री सूचना प्रविधि शाखा, कालिका गाउँ कार्यपालिकाको कार्यालय,
धैबुङ, रसुवा। *वेबसाइट र फेसबुक पेजमा सूचना अपलोड गरिदिनुहुन।*
श्री वडा कार्यालय सबै, कालिका गाउँ कार्यपालिकाको कार्यालय,
धैबुङ, रसुवा। *सूचना पाटी र सार्वजनिक स्थलहरुमा सूचना टाँस गरी सोको जानकारी गाउँपालिकालाई गराउनुहुन।*

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत